नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

सञ्चारग्राम, काठमाडौं

# पत्रकार दुर्घटना बीमा सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति २०८२/०८/०२

यस विभागको चा लु आ व २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पत्रकार दुर्घटना बीमा गर्ने प्रयोजनका लागि इच्छुक पत्रकार (सञ्चार प्रतिष्ठानमा कार्यरत तथा स्वतन्त्र) हरूबाट सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र तोकिएको शर्तहरूको अधिनमा रही निवेदन आह्वान गरिन्छ ।

शर्तहरू:

१. बीमा गर्न इच्छुक श्रमजीवी स्वतन्त्र तथा सञ्चार गृहमा कार्यरत पत्रकारहरूले विभागले तोकेको ढाँचामा छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ ।

२. प्राप्त आवेदन मध्येबाट छनौट भएका ७५ जना श्रमजीवी पत्रकारहरूको बीमाङ्क रकम कुल ७,००,००० (सात लाख) को बीमा आइजीआइ प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडमा गरिनेछ ।

३. बीमाका लागि आवश्यक रकम यस विभागले आइजीआइ प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडमा जम्मा गरिदिनेछ ।

४. अन्य सरकारी निकायबाट पत्रकार दुर्घटना बीमा नगरेका पत्रकारहरूले मात्र आवेदन दिन सक्नेछन् ।

५. काठमाडौ उपत्यका भित्रका ५० प्रतिशत र उपत्यका बाहिरका ५० प्रतिशत पत्रकारहरूको बीमा गरिनेछ उपत्यका बाहिर वा भित्र कार्यक्षेत्र भएका पत्रकारहरूको आवेदन कम परेको अवस्थामा आवेदन गरेका मध्येबाट नै समावेश गरिनेछ ।

६. रितपूर्वक आवेदन आई छनौट भएका श्रमजीवी पत्रकार (स्वतन्त्र तथा सञ्चार प्रतिष्ठानमा कार्यरत) हरूलाई विभागले बीमाको लागि छनौट भएको जानकारी दिनेछ ।

७. पत्रकार दुर्घटना बीमाको सम्बन्धमा बीमा कम्पनीको निर्देशन तथा शर्तहरू लागु हुनेछ ।

८. आवेदन फाराम भरी इमेल ठेगाना **doibinsurance@gmail.com** मा पठाउनुपर्नेछ ।

९. आवेदन फाराम **www.doib.gov.np** बाट डाउनलोड गर्न सकिनेछ ।

१०. बीमा गरिने आवेदकहरूको छनौट उमेरको ज्येष्ठताको आधारमा गरिनेछ । उमेर खुल्ने नागरिकताको स्पष्ट बुझिने प्रतिलिपि र विभागबाट जारी भएको पत्रकार परिचयपत्रको प्रतिलिपि आवेदनका साथ पेश गर्नुपर्नेछ ।

(पत्रकार दुर्घटना बीमाको आवेदन फाराम)

नेपाल सरकार

सूचना तथा सञ्चार प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम काठ्माडौ

## आवेदन फाराम

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने, फोटो र फाराममा पर्ने गरी उम्मेदवारको दस्तखत |
|---|

**क) वैयक्तिक विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| नाम थर | (देवनागरीमा) | | | | |
| | (अंग्रेजीमा ठूलो अक्षरमा) | | | लिङ्गः | |
| नागरिकता नं. | | जारी गर्ने जिल्लाः | | जारी मितिः | |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा. | | ग) वडा नं. | |
| | घ) टोल | ङ) मार्ग/घर नं. | | च) फोन नं. | |
| पत्राचार गर्ने ठेगानाः | | | | इमेलः | |
| जन्म मितिः | (वि.सं.मा) | | (इ.सं.मा) | हालको उमेरः | वर्ष महिना |
| बाबुको नाम थरः | | | | | |
| बाजेको नाम थरः | | | | | |

**ख) सूचना तथा प्रसारण विभागबाट जारी भएको पत्रकार परिचय पत्रसम्बन्धी विवरणः**

| परिचय पत्र नं. | जारी मिति | परिचयपत्र बहाल रहने मिति | पत्रकारिता सुरू गरेको मिति | पत्रकारिताको लागि तोकिएको कार्यक्षेत्र |
|---|---|---|---|---|
| | | | | |

**ग) कार्यरत सञ्चारगृह सम्बन्धी विवरण (स्वतन्त्र पत्रकार बाहेकको हकमा)**

कार्यरत सञ्चारगृहको नाम/ठेगानाः

सिफारिसकर्ता (प्रबन्धक/सम्पादक) को नामः

पदः

दस्तखतः

| कार्यरत सञ्चारगृहको छाँप |
|---|

मैले यस निवेदनमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन् । निवेदन बुझाएको विषयको सूचना बमोजिम अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुनबमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानुन तथा यस निवेदन फारामका पृष्ठहरूमा उल्लिखित सबै शर्त तथा नियमहरू पालना गर्न मञ्जुर गर्दछु । मैले अन्य सरकारी निकायबाट यस आ.व.मा पत्रकार दुर्घटना बीमा गरेको छैन ।

| निवेदकको ल्याप्चे सही छाप | | निवेदकको दस्तखतः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| विभागले भर्ने | | |
|---|---|---|
| निवेदन रूजु गर्नेको | निवेदन स्वीकृत/अस्वीकृत गर्नेको | निवेदन अस्वीकृत भए सोको कारण |
| नामः<br>दस्तखतः<br>मितिः | नामः<br>दस्तखतः<br>मितिः | |

**द्रष्टव्यः निवेदन साथ सूचनामा माग भएबमोजिम निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछः**

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) विभागबाट जारी भएको अद्यावधिक पत्रकार परिचयपत्र

(३) कार्यरत सञ्चारगृहको सिफारिस ( स्वन्त्र पत्रकार बाहेकको हकमा)